नेपाल सरकार
# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(प्रशासन शाखा)

पत्र सँख्या : २०७८/७९
चलानी नं:

सिंहदरबार,काठमाण्डौ

मिति २०७८/१०/१०

**विषय - अन्तर्राष्ट्रिय यात्रु चार्टर उडानमा तोकिएको भन्दा बढी हवाई भाडादर तिर्न बाध्य भई मर्का परेका यात्रुहरुको गुनासो संकलन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोभिड १९ को संक्रमणको पहिलो चरणमा नेपाल सरकारबाट बन्दाबन्दीको घोषणा भएपश्चात अलपत्र परेका व्यक्तिहरुलाई स्वदेश फर्काउन सहजीहरण गर्ने क्रममा अन्तर्राष्ट्रिय यात्रु चार्टर उडानको व्यवस्था भएको थियो । पहिलो चरणको बन्दाबन्दी र सो पश्चात यात्रुहरु प्रस्थान हुँदा लाग्ने हवाई भाडा सम्बन्धित एयरलाइन्सबाट नेपाल नागरिक उड्डयन प्राधिकरणमा बुझाएको हवाई भाडा भन्दा बढी लिएको भनी प्राप्त भएका विभिन्न गुनासोहरुको आधारमा गुनासोको संबोधन गरी छानविन गर्न हवाई भाडादर छानविन समिति २०७८ गठन भएको थियो । उक्त समितिले थप छानविन गर्नुपर्ने भनी सिफारिस गरिएका विषयहरुमा सम्बन्धित निकायहरुलाई स्पष्टीकरण सोध्न र थप छानविन गर्न यस मन्त्रालयमा पुन छानविन समिति गठन भएको छ ।

माथि उल्लेखित विषयमा हालसम्म पनि गुनासोहरु आइरहेको सन्दर्भमा तत्कालीन अवस्थामा अन्तर्राष्ट्रिय यात्रु चार्टर उडान गर्दा तोकिएको हवाई भाडा दर भन्दा बढी हवाई भाडा तिर्न बाध्य भएका यात्रुहरुले आफ्नो पीरमर्का खुलाई पुन गुनासो गर्न सक्नेगरी निवेदन दिन यस मन्त्रालयको इमेल info@tourism.gov.np लाई आधिकारिक इमेल ठेगाना तोकिएको छ । यस ठेगानामा अन्तर्राष्ट्रिय यात्रु चार्टर उडानमा बढी भाडा तिर्न बाध्य भई मर्का परेका महानुभावहरुले आधिकारिक कागजात सहित सात दिनभित्र निवेदन इमेल गरी छानविन कार्यमा सहयोग पुर्याइदिनुहुन हार्दिक अनुरोध छ ।

टेकनारायण पौडेल

उपसचिव